निर्णयहरू:

१. वार्षिक कार्ययोजना बमोजिम मन्त्रालयहरूले सम्पादन गर्नुपर्ने क्रियाकलाप र उक्त क्रियाकलापहरूको माइलस्टोन समयमै सम्पन्न गर्ने र सोको प्रगति विवरणमा सम्बन्धित मन्त्रालयको सचिवले एकीकृत अनलाइन अनुगमन प्रणाली मार्फत सोको टिप्पणी र रेटिङ गर्ने कार्य तोकिएको समय अवधिमा सम्पन्न गर्ने।

२. मन्त्रालय/निकायहरूले पटके निर्णय गरी प्रमुख जिल्ला अधिकारीलाई कुनै जिम्मेवारी प्रदान गर्दा गृह मन्त्रालयसँग समन्वय गर्ने र आवश्यकता अनुसार स्रोत साधनको व्यवस्थापनमा सहयोग गर्ने।

३. सरकारी चिठ्ठीपत्र र कागजात हुलाक मार्फत् पठाउने व्यवस्था सुनिश्चित गर्ने। मन्त्रालय/निकाय/कार्यालयहरूले आ-आफ्नो प्रशासन महाशाखा/शाखालाई हुलाक सेवाको प्रयोग गर्न निर्देशन दिने।

४. केन्द्रीय सचिवालय सिंहदरबारमा गेट पास व्यवस्थालाई थप प्रभावकारी बनाउन गृह मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सहकार्य गरी QR Code सहितको प्रवेश पासको व्यवस्था मिलाउने।

५. सबै मन्त्रालयका सचिवहरूले आ-आफ्नो मन्त्रालयका विचाराधीन विधेयकहरूको अवस्थाबारे सम्बन्धित मन्त्रीलाई ब्रिफिङ गरी छिटो भन्दा छिटो संसदमा विधेयक लैजान आवश्यक व्यवस्था मिलाउने।

६. प्रदेशमा रिक्त रहेका प्रदेश सचिवका पदहरू शीघ्र पदपूर्ति गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक तदारुकता लिने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले प्रदेशसँग समन्वय गरी हाल फाजिलमा रहेका करीब ४०० फरेष्टरहरूको व्यवस्थापन गर्ने।

७. राजकीय सभा समारोह, दिवस र कार्यक्रमहरूमा विशिष्ट पदाधिकारीहरूको आमन्त्रणको तुलनामा उपस्थिति कम हुने गरेको भन्ने गुनासो आएकोले सम्बन्धित मन्त्रालय/निकायले यस्ता समारोहहरूमा राजकीय मर्यादा अनुरुप सम्बन्धित पदाधिकारीहरूको उपस्थितिको सुनिश्चितता गर्ने।

८. विभिन्न मन्त्रालय/निकाय/कार्यालयहरूबीच प्रभावकारी समन्वयद्वारा सुशासन सुनिश्चित गर्न एक निकायले अर्को निकायसँग माग गरेका राय सुझाव प्रतिक्रियाहरू तोकिएको समय र ढाँचामा उपलब्ध गराउने व्यवस्थालाई थप प्रभावकारी बनाउने।



मुख्य सचिव

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

९. सार्वजनिक विद्यालयहरूमा विद्यार्थीलाई नि:शुल्क प्रदान गरिने दिवा खाजाको गुणस्तर कमजोर भएको भनी गुनासो आएको र राष्ट्रिय सतर्कता केन्द्रले अनुगमन गर्दा समेत गुणस्तर कमजोर देखिएकोले यसबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक नियमित अनुगमनको व्यवस्था गरी गुणस्तरीय खाद्य सामग्री प्रदान गरिएको सुनिश्चित गर्ने।

(२)

२०८०/०६/०१, सोमबार

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

मुख्य सचिव